फोन नं. ०९१-५६०४९९, ०९१-५६१२५४, ०९१-५६०११८

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- पशु सेवा शाखा २०८३/०८४
चलानी नं.:-

हिउदे घाँस (बर्सिम र जै) बिउ वितरण कार्यक्रममा सहभागी हुन ईच्छापत्र पेश गर्ने बारेको सूचना ।

सूचना नं. ४/२०८३/०८४

सूचना प्रकाशन मिति :- २०८३/०६/२२

ने.सं. ११४६, कौलथ्व, १३ बिहिबार

यस टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, १ नं. वडा कार्यालय टीकापुर, कैलालीको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हिउदे घाँस (बर्सिम र जै) बिउ वितरण कार्यक्रममा घाँस खेती गर्न ईच्छुक व्यवशायीक पशु पालन फार्महरुले तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ औं (सातौं) दिन (मिति २०८३/०६/२८ गते) भित्र टीकापुर नगरपालिका १ नं. वडा कार्यालय, टीकापुर, कैलालीमा तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाहि नगरिने ब्यहोरा अनुरोध छ ।

- **कार्यक्रम संचालन हुने क्षेत्र :-** टीकापुर नगरपालिका (वडा नं. १)।
- **सहयोग अनुदान :-** बर्सिम र जै घाँस बिउ वितरण शत प्रतिशात अनुदान।
- घाँस खेती गरिने जग्गाको क्षेत्रफल (कठ्ठा वा बिघा) साथै पशु संख्या उल्लेख गर्नु पर्नेछ।
- कम्तीमा माउ गाई/भैसी ५ (पाँच) वटा र बाख्रा २५ (पच्चिस) वटा हुनु पर्नेछ।

पेश गर्नुपर्ने कागजातहरु

- तोकिएको ढाँचामा निवेदन।
- निवेदकको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
- लालपुर्जा प्रतिलिपि।
- आ.व. २०८३/०८४ मा सम्पती कर तिरेको रसिदको प्रतिलिपि।
- व्यवसायीक पशु पालन फार्म भएमा फार्म दर्ता/ नविकरण/सूचिकारणको प्रमाण पत्रको प्रतिलिपि।
- पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

थप जानकारीका लागि
टीकापुर नगर पालिका
नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा
टीकापुर, कैलाली।
मोबाईल नं. :- ९८४८४०२१३५

(नर कार्की)
शाखा प्रमुख

२०८३/६/२२
(ममता बास्तोला)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
टीकापुर, कैलाली

मिति २०८३/०६/

श्रीमान् वडा अध्यक्षज्यू
टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं. वडा कार्यालय, टीकापुर, कैलाली

बिषय :- हिउदे घाँसको बिउ उपलब्ध गरी पाउँ।

महोदय,

सेवामा सविनय निवेदन गर्नाको कारण यो छ कि टीकापुर नगरपालिका १ नं. वडा कार्यालयको आ.व.२०८३/०८४ को स्वीकृत बार्षिक स्वीकृत कार्यक्रम अनुसार हिउँदे घाँस (बर्सिम र जै) को बिउ वितरण कार्यक्रम संचालनको लागि मिति २०८३/०६/२२ गतेको सूचना नं. ४/२०८३/०८४ अनुसार ....पशु पालन फार्ममा घाँस खेती गर्न ईच्छुक भएकोले तपसिल बमोजीमको घाँसको बिउ उपलब्ध गराई दिनहुन आवश्यक पर्ने कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु/छौ।तपसिल

क्र.सं.	विवरण	इकाई	परिमाण	पशुको किसिम			जम्मा
				गाई/गोरु	भैसी/राँगा	भेडा/बाख्रा	
२	पशु	संख्या					
३	बर्सिम	के.जी.					
४	जै	के.जी.					
५	घाँस लगाउने क्षेत्रफल	कठ्ठा/बिघा					

निवेदक

दस्तखत :-

फार्म संचालकको नाम :-

फार्मको नाम :-

ठेगाना :-

मोबाईल नं. :-

फार्मको छाप

CamScanner